नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

०७१४०५१४०-
Email:-No2talimgana@gmail.com

नं २ तालिम गण
सैनामैना व्यारेक,रुपन्देही ।

प.सं.: १५६२८/लेखा/२३/०७५/७६/२७,

मिति:२०७६।०१।१९गते ।

श्री भगवती कन्स्ट्रक्सन,
प्रो.जवीन प्रसाद कक्षपती ,
बुटवल १०, रुपन्देही ।

## दरभाउपत्र स्विकृत गरिएको सम्बन्धमा

१. उपरोक्त सम्बन्धमा यस नं.२ तालिम गण, सैनामैना ब्यारेक, रुपन्देहीमा आ.ब.२०७५/७६ मा २०० वटा फलामे खाट बिद्युतिय दरभाउपत्रको माध्यमबाट खरिद गर्ने सम्बन्धमा मिति २०७५/१२/२१ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं.NA/N2T/075/76/03 अनुसार मिति २०७६/०१/०८ गतेको १२०० बजेसम्म बिद्युतिय सिलबन्दी दरभाउपत्र (e-GP) मा दर्ता भएका दरभाउपत्रहरु मध्ये तपाईले पेश गर्नू भएको दरभाउपत्र मूल्य अभिबृद्धि कर बाहेक कवोल अंक रु.८,५२,०००।०० (अक्षरुपी आठलाख बाउन्नहजार मात्र) र सोको मु.अ.कर रु.१,१०,७६०।०० (एकलाख दशहजार सातसय साठ्ठी मात्र) गरी जम्मा कवोल अंक रु.९,६२,७६०।०० (नौलाख बैसठ्ठीहजार सातसय साठ्ठी मात्र) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा (५) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम (११) र (१२) बमोजिम ठेक्का स्वीकृत गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

२. ठेक्का सम्झौता गर्नको लागि कबोल अंकको पांच प्रतिशतले हून आउने रकम रु.४८,२००।०० (अठ्चालीसहजार दुईसय मात्र) कार्य सम्पादन जमानत राख्नू पर्ने भएको हूंदा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकले जारी गरी कम्तिमा मिति २०७६ साल श्रावण मसान्तसम्म मान्य अवधि भएको बैंक ग्यारेण्टी पत्र वा यस नं.२ तालिम गणको कार्यालय कोड नं.३७-३४५-१२ बाट श्री कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको कृषि बिकास बैंक लिमिटेड भैरहवा शाखामा रहेको धरौटी खाता नं. ०४१४३०१०१४२५३०२७ मा नगदै रकम जम्मा गरेको सक्कलै बैंक भौचर सहित ७ (सात) दिन भित्र यस नं.२ तालिम गणमा पेश गरी ठेक्का सम्झौता गर्नको लागि आउनू पर्नेछ ।

३. उपरोक्त बमोजिम कार्य सम्पादन जमानत पेश नगरी सम्झौता नगर्नू भएमा तपाईले दरभाउपत्रसाथ पेश गर्नू भएको बैंक जमानत जफत गरि सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली २०६४ बमोजिम खरिद प्रक्रिया अगाडी बढाईने ब्यहोरा समेत जानकारी गराईन्छ ।

(जित बहादुर लामा)
प्रमुख सेनानी
गणपति

बोधार्थ तथा कार्यार्थ:
श्री स्वदेश तालिम शाखा, सैनिक तालिमनिर्देशनालय,
सैनिक तालिम तथा डक्ट्रिन महानिर्देशनालय,
बलाधिकृत बिभाग, जंगी अड्डा ।
श्रीप्रबन्धरथीको कार्यालय, जङ्गी अड्डा ।
श्री जनसम्पर्क तथा सूचना निर्देशनालय,
जङ्गी अड्डा: माथि उल्लेखित यस नं.२ तालिम गणको फलामे खाट खरिद गर्ने स्विकृती सम्वन्धी सूचना नेपाली सेनाको वेब साईटमा राखिदिनु हुन ।
श्री स्थपति निर्देशनालय, जङ्गी अड्डा ।
श्री सार्वजनिक खरिद अनुगमनको कार्यालय, काठमाण्डौं ।
श्री आकृति मालिका कन्स्ट्रक्सन प्रा.लि.,कुपण्डोल, ललितपूर ।
श्री वारसी कन्स्ट्रक्सन सिदार्थनगर ०६ रुपन्देही ।